# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४५) काठमाडौं, वैशाख ४ गते २०५२ साल (संख्या १

## भाग ३

श्री ५ को सरकार

### वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

शिवपुरी जलाधार तथा वन्यजन्तु आरक्ष विकास समिति (गठन) आदेश, २०४१ को दफा ३ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले उक्त गठन आदेशको दफा ३ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखी हेरफेर गरेको छः–

"(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन्ः–

(क) राजकुमार रवीन्द्र विक्रम शाह – अध्यक्ष

(ख) प्रतिनिधि, प्रमुख निजी सचिवालय, राजदरबार – सदस्य

(ग) महा-निर्देशक, भू-संरक्षण विभाग – सदस्य

(घ) महा-निर्देशक, राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग – सदस्य

(ङ) महा-निर्देशक, वन विभाग – सस्दय

(च) प्रतिनिधि, शाही नेपाली जंङ्गी अड्डा – सदस्य

(छ) प्रतिनिधि, अर्थ मन्त्रालय – सदस्य

(ज) वन अधिकृत, परियोजना – सदस्य

(झ) नापी अधिकृत, परियोजना – सदस्य

(ञ) प्रतिनिधि सभाको माननीय सदस्य, विष्णु पौडेल – सदस्य

(ट) गागलफेदी गाउँ विकास समितिका अध्यक्ष – सदस्य

(ठ) परियोजना प्रमुख – सदस्य-सचिव

आज्ञाले,
गोपालमान श्रेष्ठ
श्री ५ को सरकारको का. मु. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

श्री ५ को सरकार

## शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालयको सूचना

श्री ५ को सरकारले देवघाट क्षेत्र विकास समिति (गठन) आदेश, २०५० को दफा ६ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी देवघाट क्षेत्र विकास समितिको कार्यकारी निर्देशक पदमा श्री लक्ष्मीकान्त शर्मा पौडेल (लकाश) लाई नियुक्ति गरेको छ ।

आज्ञाले,
लोकेन्द्रमान प्रधान
श्री ५ को सरकारको का.मु. सचिव

श्री ५ को सरकार

## वन तथा भू-संरक्षण मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले मिति २०५१।१०।१२ को निर्णयानुसार वन विभाग अन्तरगत नेपाल वन सेवा, जनरल फरेष्ट्री समूहको महा-निर्देशक पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी सोही सेवा र समूहको राजपत्रांकित द्वितीय श्रेणी (प्रा.) का वन व्यवस्थापन अधिकृत श्री इन्द्रसिंह कार्कीलाई कायम मुकायम मुकरर गरेको छ ।

## सूचना २

श्री ५ को सरकारले मिति २०५१।१०।१२ को निर्णयानुसार राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग अन्तरगत नेपाल वन सेवा, नेशनल पार्कस् एण्ड वाइल्ड लाइफ समूहको महा-निर्देशक पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी सोही सेवा र समूहका राजपत्रांकित द्वितीय श्रेणी (प्रा.) का सदर चिडियाखाना विकास समितिका अध्यक्ष तथा कायम मुकायम कार्यकारी निर्देशक श्री तिर्थमान मास्केलाई कायम मुकायम मुकरर गरेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

श्री ५ को सरकारले मिति २०५१।१०।१२ को निर्णयानुसार भू-संरक्षण विभाग अन्तरगत नेपाल वन सेवा, स्वायल एण्ड वाटर कन्जरभेशन समूहको महा-निर्देशक पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी सोही सेवा र समूहका राजपत्रांकित द्वितीय श्रेणी (प्रा.) का अनुसन्धान अधिकृत श्री केशरमान स्थापितलाई कायम मुकायम मुकरर गरेको छ ।

## सूचना ४

श्री ५ को सरकारले मिति २०५१।१०।१२ को निर्णयानुसार नेपाल वन सेवा जनरल फरेष्ट्री समूहका राजपत्रांकित प्रथम श्रेणी (प्रा.) का देहायका अधिकृतहरूलाई देहाय बमोजिम सरुवा गरेको छ ।

| क.सं. | नाम, थर | साबिक पद तथा कार्यालय | हाल सरुवा भएको पद तथा मन्त्रालय |
|---|---|---|---|
| १. | श्री दामोदरप्रसाद पराजुली | महा-निर्देशक वन विभाग । | प्रमुख अनुगमन तथा मूल्यांकन अधिकृत वन, तथा भू-संरक्षण मन्त्रालय । |
| २. | श्री अमृतलाल जोशी | महा-निर्देशक भू-संरक्षण विभाग । | प्रमुख योजना अधिकृत, वन तथा भू-संरक्षण मन्त्रालय । |

आज्ञाले,
गोपालमान श्रेष्ठ
श्री ५ को सरकारको का. मु सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८६